प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

# दाना उद्योग स्थापना कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०७/२७)

*संशोधन*

*दाना उद्योग स्थापना कार्यक्रम सञ्चालन (पहिलो संशोधन) मापदण्ड, २०७७ मिति: २०७७/११/१८*

पशुपन्छी तथा माछाका दाना उत्पादन गरी कृषकहरुलाई उपलब्ध गराउनका लागि दाना उद्योग स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरुः

### १.१ आवेदकको योग्यताः

क) आवेदक फर्म, कम्पनी, समूह वा सहकारी हुनुपर्नेछ।

### १.२ पेश गर्नुपर्ने कागजातहरुः

क) आवेदकले कम्तीमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ग) दाना उद्योग सञ्चालनका लागि आवेदकको आफ्नै स्वामित्वमा भएको जग्गाको कागजातहरु वा जग्गा करार/लिजमा लिई सञ्चालन गर्नेको हकमा न्यूनतम २० वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

घ) ♦

## २. प्रस्ताव छनौटको लागि मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१.** | **व्यवासयिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **२५** |
| **१.१** | **लागत** | **५** |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयःआवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयःआवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयःआवेदक) १:१ भएको | ३ |
| **१.२** | **रोजगारी सृजना** | **५** |

♦ *पहिलो संशोधनबाट हटाइएको ।*

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

| | | |
|---|---|---|
| १.२.१ | १० जना वा सो भन्दा बढी | ५ |
| १.२.२ | १० जना भन्दा कम | ३ |
| **१.३** | **बजारीकरण** | **५** |
| १.३.१ | दैनिक ५ टन वा सो भन्दा बढी दाना उत्पादन गर्ने | ५ |
| १.३.२ | दैनिक ५ टन भन्दा कम दाना उत्पादन गर्ने | ३ |
| **१.४** | **स्थानीय उत्पादन वृद्धिमा टेवा** | **१०** |
| १.४.१ | वार्षिक खपत हुने दानाको कच्चा पदार्थ मध्ये ४०% भन्दा माथि स्थानीय उत्पादन प्रयोग हुने | १० |
| १.४.२ | वार्षिक खपत हुने दानाको कच्चा पदार्थ मध्ये २०-४०% भन्दा माथि स्थानीय उत्पादन प्रयोग हुने | ७ |
| १.४.३ | वार्षिक खपत हुने दानाको कच्चा पदार्थ मध्ये २०% भन्दा कम स्थानीय उत्पादन प्रयोग हुने | ४ |
| **२.** | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | **१०** |
| **२.१** | **पूर्वाधार** | **५** |
| २.१.१ | बाटो र पानीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो र पानी मध्ये कुनै १ सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.२.१ | प्रयाप्त र उपयुक्त जमिन भएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अबलम्बन गर्ने | ५ |
| २.२.२ | प्रयाप्त र उपयुक्त जमिन नभएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अबलम्बन नगर्ने | ० |
| **३.** | **वित्तिय विश्लेषण, अपेक्षित नतिजा र दिगोपना** | **१०** |
| **४.** | **अघिल्ला दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ४.१ | नलिएको | १० |
| ४.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ७ |
| **जम्मा** | | **५५** |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचाः**

क) आवेदकको नाम र ठेगानाः

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्न नं.ः

ग) कार्यक्रम सञ्चालन हुने स्थानः

घ) सञ्चालन गर्ने व्यवसायः

ङ) रोजगारी सृजना हुने संख्याः

च) दैनिक दाना उत्पादन परिमाणः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

छ) पहिलो वर्ष सञ्चालन गरिने क्रियाकलापको विवरणः

| क्र.सं. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा, आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

ज) आफ्नो लागानीको स्रोत के हो ? स्रोत पुष्टि हुने कागजातहरु समेत समावेश गर्ने।

झ) प्रस्तावित कार्यक्रम सञ्चालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, दैनिक दाना उत्पादन, आदि):

| क्र.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम सञ्चालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | दैनिक दाना उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | अन्य उपलब्धिहरु | | | | |
| | | | | | |
| जम्मा | | | | | |

ञ) कुन कुन पशुपन्छीका दाना उत्पादन गर्ने हो? दानाको बजारीकरणका योजना के के छन्? र दानाको गुणस्तर कसरी कायम गरिन्छ? भन्ने बारेमा खुलाउनेः

ट) दाना उत्पादनका लागि प्रयोग गरिने कच्चा पदार्थ मध्ये स्थानीयस्तरमा उत्पादन हुने कच्चा पदार्थको परिमाण कति प्रतिशत हुन्छ खुलाउनेः

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

ठ) नयाँ सोच र व्यवसायलाई दिगोरुपमा सञ्चालन गर्ने भावी योजना (आगामी वर्षहरुको सञ्चालन खर्चका स्रोत, प्रतिस्पर्धात्मक बजारमा टिकिराख्ने रणनीति के हुन्छ, आदि)

ड) वातावरणमा पर्न सक्ने/पर्ने नकारात्मक असरहरुको न्यूनिकरण गर्न के उपाय अवलम्बन गरिन्छः

ढ) संक्षिप्त वित्तीय प्रक्षेपणः

| विवरण | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| अ) | पुँजिगत खर्च | | | | | |
| | भौतिक निर्माण | | | | | |
| | मेसिनरी/उपकरण | | | | | |
| | ................ | | | | | |
| | कुल पुँजिगत खर्च | | | | | |
| आ) | चालु खर्च | | | | | |
| | उत्पादन लागत (कच्चा पदार्थ) | | | | | |
| | कर्मचारीलाई तलब भुक्तानी | | | | | |
| | श्रमिक ज्याला भुक्तानी | | | | | |
| | भाँडा, पानी, बिजुली खर्च | | | | | |
| | मर्मत सम्भार खर्च | | | | | |
| | बिक्री वितरण खर्च | | | | | |
| | ब्याज भुक्तानी | | | | | |
| | .................... | | | | | |
| | कुल चालु खर्च | | | | | |
| इ | जम्मा खर्च | | | | | |
| ई | आम्दानी | | | | | |
| | ब्याजरहित अनुदान | | | | | |
| | आफ्नै आयबाट व्यहोरिने रकम | | | | | |
| | ब्याज तिर्नुपर्ने रकम | | | | | |
| | मुख्य उत्पादन बिक्री | | | | | |
| | सहायक उत्पादन बिक्री | | | | | |
| | कुल आम्दानी | | | | | |
| उ) | खुदा मुनाफा | | | | | |
| ऊ) | साँवा भुक्तानी | | | | | |

वित्तिय प्रक्षेपणको हिसाब किताबका पूर्ण विवरण छुट्टै पानामा संलग्न गर्नुपर्नेछ।

<u>प्रस्तावकको</u>

नामः

ठेगानाः छापः

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सम्पर्क व्यक्तिः

मितिः                                                    दस्तखतः

४. **आवश्यक न्यूनतम पूर्वाधार र शर्तहरुः** स्थापना हुने दाना उद्योगको न्यूनतम पूर्वाधार तथा शर्तहरु निम्न अनुसार हुनेछन्।

क) कारखाना, दाना कच्चा पदार्थ र दाना भण्डारण, दाना पदार्थ लोड/अनलोड, अफिस घर, आदिको लागि पर्याप्त जग्गा भएको हुनुपर्नेछ।

ख) प्रचलित कानून बमोजिम तोकिएको विधिहरु पुरा गरी दाना उद्योग स्थापना गर्नुपर्नेछ र दाना उत्पादन तथा बिक्री वितरणको अनुज्ञापत्र लिनुपर्नेछ।

ग) प्रस्तावित प्लान्ट चल्ने बिजुलीको सुविधा भएको हुनुपर्नेछ।

घ) प्रति घण्टा न्यूनतम २ टन दाना उत्पादन गर्ने मेशिन जडान गर्नुपर्नेछ।

ङ) अनुदानग्राहीले अनुदान रकम भुक्तानीका लागि निवेदन पेश गर्दा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE) वा वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) को स्वीकृत प्रतिवेदन पेश गर्नुपर्नेछ।♥

५. **सञ्चालन गर्न सकिने क्रियाकलापहरुः**

स्वीकृत बजेटको परिधी भित्र रही देहायका कार्यहरु गर्न अनुदान उपलब्ध गराउन सकिनेछ।

क) दाना तयारीका लागि चाहिने वेइङ्ग, प्याकेजिङ, पेलेटिङ, स्टिमिङ, ग्राइन्डिङ, क्रसिङ्ग लगायतका उपकरण तथा मेसिनहरु खरिद।

ख) कारखाना, कच्चा पदार्थ भण्डार घर तथा उत्पादित दाना भण्डार घर निर्माण।

ग) ढुवानीका साधन खरीद, दानाका कच्चा पदार्थ खरीद जग्गा खरीद वा भाडा, तलब भत्ता जस्ता कार्यमा अनुदान उपलब्ध गराउन पाईने छैन।

♥ *पहिलो संशोधनबाट थप गरिएको।*